नौमूले गाउँपालिका

**"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"**

# नौमूले राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/०६/१४

**भाग-२**

## नौमूले गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

# नौमूले गाउँपालिका दैलेखको
# विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४

गाउँ कार्यपालिकाबाट पारित मिति २०७४ फाल्गुण २ गते

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १०, दफा ७० बमोजिम यस नौमूले गाउँपालिकाको स्थानीय संचित कोषबाट रकम विनियोजन गरि विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँ कार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा गम्भीर असर पार्ने तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक विपद् व्यवस्थापन कोषको स्थापना गरी सो कोषको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले यो कार्यविधि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम **नौमूले गाउँपालिकाको विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४** रहेको छ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **कार्यविधि** भन्नाले नौमूले गाउँपालिकाको विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ भन्ने बुझ्नुपर्छ ।

ख. **कोष** भन्नाले विपद्व्यवस्थापन तथा आर्थिक सहायता कोष भन्ने बुझ्नुपर्छ ।

ग. **कार्यपालिका** भन्नाले नौमूले गाउँ कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. **समिति** भन्नाले गाउँपालिकामा गठित **विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष संचालन समिति** भन्ने बुझ्नुपर्नेछ ।

ङ. **आकस्मिक कार्य** भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटुको रोग, मृगौलाका रोग, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल राहतका लागि गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना:** विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोषमा जम्मा गरिएको रकम**

४.१ गाउपालिकाको संचित कोष बाट पहिलो पटक आर्थिक बर्ष २०७४।०७५ मा रु ८,००,०००। अक्षरुपी आठ लाख मात्र विनियोजन गरि कोषको स्थापना गरिएको छ ।

४.२ गाउँपालिकाभित्र पर्ने साविकका गाविसहरुमा रहेको त्यस प्रकृतिका सम्पूर्ण कोषहरु कार्यपालिकाले निर्णय गरेबमोजिम यसै कोषमा जम्मा गरिनेछ ।

४.३ कार्यविधि पारित भइसकेपछि नौमूले गाउँपालिकाले गाउँ सभावाट पारित गरी सो कोषमा रकम विनियोजीत भएमा यसै कोषमा जम्मा गरि व्यवस्थापन गरिनेछ ।

**५. कोषको अवधारणा :** नौमूले गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अङ्गभङ्ग भएकाहरुलाई पहिचान गरि तत्कालका लागि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. कोषको लक्ष्य:** प्राकृतिक विपद् तथा प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन एवं विपन्न दीर्घरोगीहरु, अङ्गभङ्ग भएकाहरुलाई तत्काल राहत सहयोग मार्फत हुन सक्ने मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. कोषको उद्देश्यहरु**

७.१ विपद्प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउने ।

७.२ आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा प्रकोप व्यवस्थापनका लागि तत्काल गरिने कार्य गर्ने ।

**८. विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष सञ्चालन समितिः** गाउँपालिकामा विपद्जन्य कार्यहरुबाट व्यक्तिहरुलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले गाउँकार्यपालिकाको सदस्यको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक समिति रहनेछः

(क) गाउँ कार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्यहरुमध्येवाट १ जना - **संयोजक**

(ख) गाउँ कार्यपालिकाले मनोनित गर्ने निर्वाचित पदाधिकारीहरु ३ जना -**सदस्य**

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना - **सदस्य सचिव**

**९. कोष सञ्चालन नीति**

९.१ विपद् प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराइ समाजमा पुनःस्थापना तर्फ उन्मुख गराउने,

९.२ गाउँपालिकाको कार्यक्षेत्र भित्र आकस्मिक रुपमा सृजना हुन आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने ।

९.३ गाउँपालिकामा स्थायी रुपमा बसोवास गरिरहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अङ्गभङ्ग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

**१०. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

१०.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको लागि कार्यपालिकालेकोषकोव्यवस्थापन गर्नेछ ।

१०.२ कोषको व्यवस्थापन गर्न गाउँपालिकामा गठित विपद्व्यवस्थापन समितिले गाउँ कार्यपालिकालाइ सिफारिस गर्नेछ र सो सिफारिस प्रतिवेदनको आधारमा कार्यपालिकाको निर्णअनुसार सहायता रकम उपलब्ध गराइनेछ ।

१०.३ विशेष परिस्थितिमा उत्पन्न हुने प्रकोपजन्य क्रियाकलापको नियन्त्रण का लागि समितिको सिफारिस नभएपनि कार्यपालिकाको निर्णय अनुसार कोष बाट रकम खर्च गरिनेछ ।

१०.४ माथि उल्लेखित बुँदाहरुमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि समितिको सिफारिसमा रु ५०००। अक्षरुपि पाँच हजार सम्मको आर्थिक सहायता रकम उपलब्ध गराउने अधिकार गाउँपालिका अध्यक्षमा निहित रहनेछ ।

१०.५ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

१०.६ कोषको व्यवस्थापन गर्ने सम्वन्धमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**११. कोषको वित्तिय व्यवस्थापन सम्वन्धमाः कोषमा देहायका रकमहरु रहने छन्:**

क) गाउँसभाबाट कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) नेपाल सरकार, प्रदेश सरकार, दातृ निकाय, गैर सरकारी संस्था, तथा अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम ।

**१२. कोषको आर्थिक प्रशासन सम्वन्धमा**

१२.१ कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

१२.२ कोषबाट हुने आर्थिक कारोवार गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखाको सम्वन्धित कर्मचारी बाटैसंचालन गरिनेछ ।

**१३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्नेः** कार्यपालिकाले गाउँसभा बाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारकः** कोष बाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधि संशोधनः** यस कार्यविधिलाई कार्यपालिकाले आवश्यक देखेमा जुनसुकै वेला संशोधन गर्नेछ ।

**१६. बचाउ र खारेजी :** (क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) कोषको व्यवस्थापनमा समितिका पदाधिकारीहरु तथा अन्य कर्मचारीहरुले असल नियतले गरेका कार्यहरुको कार्यपालिकाले बचाउ गर्नेछ ।

प्रमाणीकरण मिति: २०७४/११/०२

आज्ञाले,

**दमन दाहाल**

प्रमुख प्रशासकीय अधिकृत